## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा नगरस्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान (Nov 25 - Dec. 10) को अवसरमा गोलबजार नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजना तथा मुक्ति नेपाल गोलबजार, दलित विकास मञ्च गोलबजर, नेपाल ग्रामीण पुनर्निमाण संस्था गोलबजारको सहकार्यमा विद्यालयका बालबालिकाहरुबीच नगरस्तरीय निबन्ध लेखन प्रतियोगिता सम्पन्न भयो । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान समापनको अवसर पारी मिति २०७९।०८।२३ गते उक्त कार्यक्रम ४ नं. वडा अध्यक्ष सकलदेव यादवज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । "सभ्य समाजको पहिचान: लैङ्गिक हिंसा विरुद्धको अभियान" विषयमा आयोजना गरिएको निबन्ध लेखन प्रतियोगितामा गोलबजार नगरपालिकाभित्रका ५ वटा स्कुलहरुको सहभागिता रहेको थियो । उक्त प्रतियोगितामा जनता मा. वि. (प्राविधिक), गोलबजार-४ मा अध्ययनरत विद्यार्थी संविधा यादवले प्रथम स्थान र मदरसा जामे अतुल कन्या पाठशाला, गोलबजार–११ मा अध्ययनरत विद्यार्थी समा तुफैलले दोस्रो स्थान प्राप्त गरेका थिए । यस्तै जनता मा. वि., गोलबजार–११, बलकवाका विद्यार्थी इन्द्रा कुमारी साहले तेस्रो स्थान र सरस्वती मा. वि., गोलबजार–३, जमदहका विद्यार्थी एनजी राईले सान्त्वना स्थान हासिल गरेका थिए । स्मरणीय छ, मिति २०७९/०८/०९ गते यस नगरपालिकाको आयोजना र स्थानीय सङ्घसंस्थाहरुको सहकार्यमा प्रभातफेरि तथा कोणसभा गरी लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको प्रथम दिन मनाइएको थियो ।